नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

वैदेशिक रोजगार विभाग

# ई.पि.एस.कोरिया शाखा

ग्वार्को, ललितपुर ।

## प्रेस विज्ञप्ति

सन् २०२३ को उत्पादनमूलक क्षेत्र (Manufacturing Sector) तर्फको कोरियन भाषा परीक्षा (EPS-TOPIK, 2023) मा सहभागी हुन जम्मा परीक्षार्थी संख्या १,६३,६३५ जना कायम भएको छ । उक्त परीक्षार्थीहरुको परीक्षा तपसिलमा उल्लेख भए बमोजिमको मितिमा UBT Building, भैसेपाटीमा HRD Service of Korea को प्रत्यक्ष निगरानीमा दैनिक पाँच सिफ्टमा संचालन हुनेछ। प्रत्येक सिफ्टमा २०० जनाको दरले एक दिनमा एक हजार जनाको परीक्षा Tablet (Computer) मा संचालन हुनेछ ।आफ्नो परीक्षा कुन दिन र कुन सिफ्टमा पर्छ सो कुरा थाहा पाउन ई.पि.एस. कोरिया शाखाको Website: https://epsnepal.gov.np/document-cat/lists-for-2021-cbt/ मा गई एकिन गर्नु पर्नेछ । परीक्षा संचालन हुनु भन्दा कम्तिमा १ घण्टा अगाडि Bio-Metric Verification को लागि परीक्षा केन्द्रमा अनिवार्य रुपमा पुग्नु पर्ने छ। Bio-Metric Verification पश्चात परीक्षा संचालन हुनु भन्दा ३० मिनेट अगाडि परीक्षा संचालन सम्वन्धी जानकारीमूलक कक्षा (Orientation Class) संचालन हुनेछ। आफ्नो परीक्षा संचालन हुने दिनको १ दिन अगाडि ई.पि.एस. कोरिया शाखा ग्वार्कोमा Bio-Metric Register (Finger Print Register) गर्नु पर्ने छ। Bio-Metric Register र परीक्षामा सहभागी हुन सक्कल पासपोर्ट र प्रवेश पत्र आवश्यक पर्ने हुँदा उक्त कागजातहरु अनिवार्य रुपमा आफ्नो साथमा लिई तोकिएको समय र मितिमा परीक्षामा सहभागी हुन सम्पूर्ण परीक्षार्थीहरुमा अनुरोध गरिन्छ।

परीक्षाको तालिका देहाय बमोजिम रहेको छ।

| सि.नं. | चरण | सहभागी परीक्षार्थी संख्या | परीक्षा सुरु मिति | अन्तिम मिति |
|---|---|---|---|---|
| १ | पहिलो | ४७५१९ | २०८०।११।७<br>(19 February, 2024) | २०८०।१२।२४<br>(06 April, 2024) |
| २ | दोस्रो | ७९९३७ | २०८१।०१।३१<br>(13 May, 20240) | २०८१।०४।१६<br>(31 July, 2024) |
| ३ | तेस्रो | ३६१७९ | २०८१।०७।२६<br>(11 November, 2024) | २०८१।०९।०२<br>(17 December, 2024) |
| | जम्मा | १६३६३५ | | |

मितिः २०८०।११।०७

2080/11/06